# मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## थलङ, ताप्लेजुङ

## स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक

बैठक संख्या:१

बैठक मिति : २०७७/१२/१५

दिनको १२:०० बजे

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ मा भएको व्यवस्था बमोजिम **"स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति"**का संयोजक **श्री राम कुमार साँवाज्यूको**अध्यक्षतामा समितिको प्रथम बैठक तपसिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो।

तपशिल :

संयोजकः श्री राम कुमार साँवा (गा.पा.अध्यक्ष)

सदस्यः श्री रुद्र कुमारी साँवा (गा.पा. उपाध्यक्ष)

सदस्यः वालकृष्ण घले

सदस्यः भिमा बस्नेत

सदस्यः शुशिला लिम्बु

सदस्यः नैनकला लिम्बु

सदस्य सचिवः योगेन्द्र राज गुरुङ्ग

**आमन्त्रितः**

वडाध्यक्षः श्री अमृत बहादुर लिम्बु

वडाध्यक्षः श्री सुरेश थापा

वडाध्यक्षः श्री दिपेन्द्र कुमार लिम्बु

वडाध्यक्षः श्री भिम बहादुर लिम्बु

वडाध्यक्षः श्री डण्डु लामा शेर्पा

योजना शाखा प्रमुखः श्री गजेन्द्र थलङ

लेखाप्रमुखः श्री प्रशान्त भट्टराई

प्रशासन प्रमुख तुलसा खत्री

आ.ले.प. प्रशान्त खतिवडा

**निर्णय नं. १,**

आर्थिक वर्ष २०७८/०७९ का लागि यस गाउँपालिकाको देहायको सूचक निर्धारण गरी प्रत्येक वडा तथा त्यस क्षेत्रमा कार्यान्वयन हुने कार्यक्रमको निम्न बमोजिम कुल बजेट सिमा निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**सूचकः**

| क्र.स. | विवरण | अंक भार |
|---|---|---|
| १ | जनसङख्या | ३२ |
| २ | क्षेत्रफल | १३ |
| ३ | कर शूल्क वा दस्तुर संकलन/परिचालनको अवस्था | २५ |
| ४ | पूर्वाधार विकासको अवस्था | १५ |
| ५ | विकासको लागत (भौगोलिक विकटता) | १५ |
| जम्मा | | १०० |

१ प्रत्येकवडालाईन्युनतमनिम्नबमोजिमकार्यक्रमगतबजेटसीमानिर्धारणगर्ने निर्णयगरियो।

| क्र.स. | शीर्षक | आय शीर्षक | शुत्रमा आधारित कुल बजेट (५ वटै वडा) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रत्यक वडाको न्यूनतम बजेट सीमा | पुँजीगत | ३,५४,००,०००।- | बित्तिय समानीकरण अनुदान रु. ८ करोड ७५ लाख मध्येबाट |
| | | चालू | | राजस्व वाडफाड र आन्तरिक आय मध्येबाट |

२ विकासको लागत (भौगोलिक विकटता) र पूर्वाधार विकासको अवस्था तथा अन्य सूचकहरुको बर्गीकरण देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| total allocated budget | | | | | | 35000000 |
| | | | | | | |
| Population | | | 32 | | | 11200000 |
| Area | | | 13 | | | 4550000 |
| Tax Collection | | | 25 | | | 8750000 |
| Infrastructure Development | | | 15 | | | 5250000 |
| Geographical Remoteness | | | 15 | | | 5250000 |
| total | | | 100 | | | 35000000 |
| | | | | | | |
| | pop | area | tax | geo | inf | |
| ward 1 | 0.172233 | 0.020316 | 0.192308 | 0.15 | 0.32 | |
| | 1929012 | 92437.92 | 1682692 | 787500 | 1680000 | 6171642.09 |
| ward 2 | 0.181719 | 0.024831 | 0.192308 | 0.15 | 0.27 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | 2035257 | 112979.7 | 1682692 | 787500 | 1417500 | 6035928.91 |
| | | | | | | |
| ward 3 | 0.209783 | 0.038375 | 0.192308 | 0.2 | 0.2 | |
| | 2349565 | 174605 | 1682692 | 1050000 | 1050000 | 6306862.49 |
| | | | | | | |
| ward 4 | 0.3 | 0.090293 | 0.192308 | 0.22 | 0.12 | |
| | 3360000 | 410835.2 | 1682692 | 1155000 | 630000 | 7238527.52 |
| | | | | | | |
| ward 5 | 0.136265 | 0.826185 | 0.230769 | 0.28 | 0.09 | |
| | 1526166 | 3759142 | 2019231 | 1470000 | 472500 | 9247039.0 |
| | | | | | | 35000000 |

**नोटः** वडा नं. ५ पापुङलाई रु. ४,००,०००।- थप रकम सिलिङ दिने निर्णय गरियो ।

**निर्णय नं. ०२,**

उपरोक्त निर्णय मिक्वाखोला गाउँ कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०३,** आगामी आ.व. २०७८/७९ को वार्षिक बजेट तर्जुमाको समग्र मार्गदर्शनः

**क. आर्थिक विकासः**

- अध्यक्ष कृषि आयोजना : Chairperson Agriculture Project (CAP) यो आयोजना मिक्वाखोला गाउँपालिकाको स्थानीय गौरवको आयोजनाको रुपमा सञ्चालन गरिनेछ। यो आयोजना वहुआयामिक बहुवर्षे आयोजनाको रुपमा रहनेछ । यस आयोजना अन्तर्गत समुदायको मागमा आधारित कार्यक्रमहरु संचालन हुनेछ ।
- कृषिजन्य नगदेवाली खेतीका लागि किसानहरुलाई आवश्यक प्रविधिहरु हस्तान्तरण गरी दिर्घकालिन आम्दानी बढाउनको लागि विभिन्न कार्यक्रमहरु समावेश गरिने छ ।
- पर्यटन तथा पशुपालन व्यवसायका लागि प्रवर्धनात्मक कार्यक्रमहरु समावेश गरिने छ ।

**ख. सामाजीक विकासः**

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणलाई रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रमहरु समावेश गरिनुका साथै स्वास्थ्य पुर्वाधार निर्माणका लागि जोड दिईने छ ।
- उपाध्यक्ष नारी उत्थान कार्यक्रम संचालन गरी महिलाहरुको सिप अभिवृद्धी गर्नुका साथै उद्यमीहरुको सिर्जना र व्यवसाय प्रवर्धनात्मक कार्यक्रमहरु संचालन हुनेछन् ।
- सामाजीक समावेशीकरणमा टेवा पुर्याधउने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिदै लैङ्गिक विभेदलाई निरुत्साहित गर्ने र गरिव तथा सिमान्तकृत वर्गलाई प्रत्यक्ष अनुभव र लाभ हुने खालका कार्यक्रमहरु समावेश गरिने छ ।
- समयसापेक्ष शिक्षा निति बनाई प्राविधिक शिक्षालाई जोड दिदै सामुदायिक विद्यालय तर्फ कक्षा १२ सम्मको अध्ययनलाई निःशुल्क बनाउन आवश्यक पुर्वाधार तथा कार्यक्रमहरु अख्तियार गरिने छ ।
- युवा तथा वेरोजगार वर्गलाई लक्षित गरी सिपमुलक तालिमहरु संचालन गरी व्यवसायिक वनाउने कार्यक्रमहरु तर्जुमा गरिने छ ।

**ग. पुर्वाधार विकासः**

- गाउँपालिकाको प्रशासकीय भवन ५ वटै वडाको वडा कार्यालय भवन, स्वास्थ्य संस्थाहरुको भवन, पर्यटकीय तथा सामरिक ऐतिहासिक महत्व वोकेको स्थलहरुको गुरुयोजना तथा डिपिआर तयार गरी बजेटको सुनिश्चितता सहित कार्यक्रम तर्जुमा गर्ने ।
- पुर्वाधार विकास तर्फ रु. ५ लाख भन्दा माथिका आयोजना मात्र संचालन गरिने छ ।
- मिक्वाखोला गाउँपालिकाको सबै वडाहरु छुने गरी विस्तार भईरहेको खोक्लिङ-लिवाङ-थलङ-साँवा-पापुङ मोटरबाटोको डिपिआर तयार गरी कालोपत्रे सडक निर्माणका लागि पहल गर्ने र सहज रुपमा आवात-जावत गर्न तथा जिल्ला सदरमुकाम सँग जोड्न प्रदेश सरकार तथा नेपाल सरकार सँग साझेदारी गरी बजेटको सुनिश्चितता गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण भएका मोटरबाटोहरुको स्तरउन्नती गरी बाह्रैमास चल्ने बनाउन सडक गुरुयोजना निर्माण गर्नको लागि उचित बजेटको व्यवस्था गरिने छ ।
- पुर्वाधार निर्माण कार्यलाई वातावरण मैत्री तथा श्रममैत्री बनाउदै रोजगारीको सिर्जना गर्नकालागि ठुला भारी उपकरणहरुको प्रयोग लाई निरुत्साहित गरिने छ ।
- प्रदेश, संघीय सरकार तथा दातृ निकायहरु सँग साझेदारीमा संचालन हुने आयोजनाहरुको यकिन गरी समपुरक कोष (Matching Fund) को व्यवस्था गरिने छ ।
- वस्तीस्तरवाट छनौट भएका योजना कार्यक्रमहरुको प्राथमिकता निर्धारण गर्दा श्रम तथा वातावरण मैत्री, आयआर्जन तथा छिटो प्रतिफल दिने र जनसहभागितामा आधारित योजना तथा कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरिने छ।

**घ. वन वातावरण तथा विपद् व्यवस्थापनः**

- विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्युनीकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईने छ ।
- प्रकोप व्यवस्थापन कोष स्थापना गरी उपयुक्त कार्यक्रमहरु तर्जुमा गरिने छ ।
- वर्तमान अवस्थामा महामारीको रुपमा फैलिई रहेको कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रमहरु तर्जुमा गरिने छ ।
- जैविक विविधता र जैविक श्रोतको संरक्षण दिगो बन व्यवस्थापन लगायत वातावरणीय दृष्टिकोणले आवश्यक कार्यक्रमहरु तर्जुमा गरिने छ ।
- विपद् जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको स्थानान्तरण, विपद् पुर्वतयारी, खोज तथा उद्दार राहत सामाग्रीको पुर्व भण्डारण, वितरण र समन्वय गरिने छ ।

**ङ. संस्थागत विकास सेवा प्रवाह र सुशासनः**

- क्षमता विकास योजना (Capacity Development Plan) तय गरी गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धी हुने किसिमका कार्यक्रमहरु तर्जुमा गर्ने ।
- विद्युतीय शासन प्रणाली (E-Governance System) मार्फत मिक्वाखोला गाउँपालिकाका जनताहरुको सेवाप्रवाहलाई प्रभावकारी वनाईने छ ।
- न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धी गर्नका लागि आवश्यक पुर्वाधार विकास तथा जनशक्ति व्यवस्थापनका लागि पहल गरिनेछ ।

आगामी आ.व. २०७८/७९ मा तर्जुमा हुने योजना तथा कार्यक्रम र बजेट विनियोजनका लागि उपरोक्त मार्गदर्शन अवलम्बन गरी वडा तथा गाउँपालिकाले बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने समेत निर्णय पारीत गरियो ।